

के तपाईको घर पा( नीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क २५८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० असोज १२ गते शुक्रबार ❑ 29 Sept. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५।-


## मुख्यमन्त्री र अमेरिकी उपविदेश मन्त्री बीच शिष्टाचार भेट

**पोखरापत्र संवाददाता**
पोखरा, ११ असोज

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे र अमेरिकी उपविदेश मन्त्री जेनी वाईनी बिच शिष्टाचार भेट भएको छ। बिहिवार मुख्यमन्त्री कार्यालयमा उहाँहरुबिच भेटवार्ता भएको हो ।

उक्त भेटमा गण्डकी प्रदेशका मुख्यमन्त्री पाण्डेले गण्डकी प्रदेशको समुन्नतीको प्रमुख पाटो पर्यटन रहेकाले यस क्षेत्रमा सहकार्य गर्न सकिने बताउनुभयो । साथै उहाँले प्रदेश सरकारले पर्यटनलाई पहिलो प्राथमिकतामा राखेर लगानी गरिरहेकाले दातृ राष्ट्रको सहयोगपनि यस क्षेत्रमा आवश्यक भएको बताउनुभयो । जिविकोपार्जनको क्षेत्रमा पनि सहकार्य गर्न सकिने बताउँदै उहाँले भन्नुभयो 'बसाईँसराई रोक्न र गाउँमै रोजगारीको अवसर सिर्जना गर्ने खालका प्रोजेक्टमा हामीलाई सहयोगको खाँचो छ, सहकार्य गर्न सक्छौँ ।' प्रदेश सरकारको प्राथमिकताको क्षेत्रहरु व्यवशायीक कृषि, स्वास्थ्य, शिक्षामा पनि दातृ निकायसँग सहकार्य गरेर अघि



बढ्न सकिने मुख्यमन्त्री पाण्डेले बताउनुभयो ।

भेटमा अमेरिकी उप विदेशमन्त्री एवं आप्रवासन बिभागका उप सहायक सचिव वाईनीले बिगतदेखि नेपाल र अमेरिकी सरकार बिचको सम्बन्ध अहिलेपनि सौहार्द रहेको बताउँदै सरकारको प्राथमिकताका क्षेत्रहरुमा सहकार्य हुने बताईन । साथै उनले पहिलो पटक पोखरा आएको बताउँदै यहाँको सुन्दरताले पर्यटकलाई आकर्षित गर्न सक्ने आफुलाईपनि निकै सुन्दर लागेको बताईन। भेटघाटमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका प्रमुख सचिव लक्ष्मी बस्नेत र प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष डा.कृष्णचन्द्र देवकोटाले विपद् पूर्व तयारी र प्रतिकार्य, सुद्ध पिउने पानी र सरसफाई, स्वास्थ्य, साक्षरता, जिविकोपार्जन, दिगो आर्थिक बिकासको अवस्था र संभावनाका बारेमा जानकारी गराउनुभएको थियो । भेटघाटमा प्रदेशसँगको संम्बन्ध र मित्रताको बारेमा छलफल भएको छ। साथै गण्डकी प्रदेश र अमेरिकी सरकारबीचको सहयोग आदानप्रदानको विषयमा कुराकानी भएको थियो ।

## दाबी भुक्तानीलाई सहज बनाउन बीमा प्राधिकरणलाई मुख्यमन्त्री पाण्डेको सुझाब

**पोखरापत्र संवाददाता**
पोखरा, ११ असोज

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले बीमा दाबी भुक्तानीलाई सहज बनाउन बीमा प्राधिकरणलाई सुझाव दिनुभएको छ।

बिहिवार नेपाल बीमा प्राधिकरणसँगको छलफलमा मुख्यमन्त्री पाण्डेले भने ' बीमा गराउँदा कम्पनीहरुले जति सजिलोगरी गराउनुहुन्छ दाबी भुक्तानीमा त्यती सजिलो देखिँदैन, दाबी भुक्तानी भएन भनेर सर्वसाधारण नागरिकले गुनासो गर्नुहुन्छ, बीमा प्राधिकरणले यो सुधार्नुपर्छ ।' बीमा गराउँदा दिएको आश्वासन दाबी



भुक्तानीमा नपाएपछि बीमित निराश हुन सक्ने तर्फ ध्यान दिनु उहाँले सुझाब दिनुभयो । साथै मुख्यमन्त्री पाण्डेले बिमाको बारेमा अहिलेपनि सर्वसाधारण सबैलाई जानकारी नभएको बताउँदै सचेतनामा पनि ध्यान दिनुपर्नेमा बताउनुभयो। कृषि, पशु, व्यवशाय बीमामापनि प्राथमिकता दिन उहाँले बीमा प्राधिकरणलाई अनुरोध गर्नुभयो । बीमाबाट सर्वसाधारणले धेरै सुविधा र सहजता महशुस गर्ने गरी कार्य अघि बढाउन र त्यसकालागि गण्डकी प्रदेश सरकारले गर्नुपर्ने सहकार्य, समन्वय गर्न सकिने मुख्यमन्त्री पाण्डेले बताउनुभयो। नेपाल बीमा प्राधिकरणका अध्यक्ष सुर्यप्रसाद सिलवालले प्रदेशले नीति बनाउँदा बीमा संम्बन्धि व्यवस्थालाई प्राथमिकता दिन अनुरोध गर्नुभयो। गण्डकी प्रदेश भित्र २७ दशमलव ४३ प्रतिशत मानिस बिमाको पहुँचमा छन् । देशभर भने ४४ दशमलव ३८ प्रतिशत मानिस बीमाको पहुँचमा छन् । नेपालमा जिवन बीमाको पहुँच धेरै रहेको प्राधिकरणले जनाएको छ। कृषि तथा पशुपंक्षी बीमामा संघ सरकारले ८० प्रतिशत र प्रदेश सरकारले २० प्रतिशत गरी सतप्रतिशत अनुदानको ब्यवस्था रहेको बीमा प्राधिकरणले जनाएको छ। गण्डकी प्रदेश भित्र एक सय १६ बीमा कम्पनीमा चार सय ८० जना कर्मचारी कार्यरत छन् । बीमा प्राधिकरणसँगको अन्तरक्रियामा गण्डकी प्रदेशका मन्त्रीहरु, प्रमुख सचिव, सचिवहरु लगायतको सहभागीता थियो ।

## कैलाश मानसरोवरको दर्शन गर्ने व्यवस्था मिलाइन्छ : प्रधानमन्त्री

**रासस**
काठमाडौं, ११ असोज

चीनको औपचारिक भ्रमणमा रहनुभएका प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले नेपालको हुम्लाको बाटो भएर हिन्दूहरूको पवित्र तीर्थस्थल कैलाश पर्वत र मानसरोवर तालको सजिलै भ्रमण गर्न सकिने व्यवस्था मिलाइने बताउनुभएको छ।

प्रधानमन्त्री दाहाल आज कैलाश पर्वत र मानसरोवर ताल क्षेत्रको स्थलगत अवलोकनका लागि त्यहाँ पुग्नुभएको थियो । सो भ्रमणपछि संक्षिप्त प्रतिक्रिया दिँदै उहाँले हिन्दू तीर्थयात्रीहरूको यस पवित्रस्थलको दर्शन एवं अवलोकनका लागि नेपालको बाटो भएर आउन सकिने गरी व्यवस्था मिलाइने बताउनुभयो।

उहाँले नेपाली, भारतीय र अन्य देशका पर्यटक एवं तीर्थयात्रीले समेत हुम्लाको बाटो भएर सजिलै भ्रमण गर्न पाउने व्यवस्थाका लागि चीन सरकारसँग


बाँकी अन्तिम पृष्ठमा ▶▶


## गण्डकी प्रदेशसभाको चालु अधिवेशन अन्त्य

**पोखरापत्र संवाददाता**
पोखरा, १० असोज

गण्डकी प्रदेशसभाको चालु अधिवेशन अन्त्य भएको छ।

गण्डकी प्रदेश सरकार, मन्त्रिपरिषद्को सिफारिसमा नेपालको संविधानको धारा १८३ को उपधारा २ बमोजिम प्रदेश प्रमुख पृथ्वीमान गुरुङले बिहीबार रातको १२:०० बजेदेखि चालु अधिवेशन अन्त्य गर्नुभएको प्रदेश प्रमुखको कार्यालयद्वारा जारी विज्ञप्तिमा जनाइएको छ।

## स्क्रब टाईफस देखिएपछि विद्यालय बन्द

**पोखरापत्र संवाददाता**
स्याङ्जा, १० असोज

स्याङ्जाको एक विद्यालयमा अध्ययनरत विद्यार्थीमा एक्कासी स्क्रब टाईफस रोग देखिएपछि विद्यालय बन्द गरिएको छ । जिल्लाको अर्जुनचौपारी गाउँपालिका वडा नं. ६ दरौंस्थित दरौं माध्यामिक विद्यालयमा अध्ययनरत विद्यार्थीलाई उक्त रोग देखिएपछि विद्यालय बन्द गरिएको हो।

विद्यालयमा पठनपाठन भईरहेको समयमा विद्यार्थीमा एक्कासी उच्च ज्वरो आउने, सास फेर्न गाह्रो हुने, टाउको दुख्ने र वान्ता हुने लक्षण देखिएपछि बिहीबारदेखि विद्यालय बन्द गरिएको छ।

उक्त लक्षण देखिएका विद्यार्थीलाई उपचारार्थ जिल्ला



अस्पताल स्याङ्जामा भर्ना गरेपछि स्क्रब टाईफस भएको पुष्टि भएको हो । अस्पतालमा भर्ना भएका करिब ४० विद्यार्थी मध्ये अधिकांशमा स्क्रब टाईफस देखिएको छ । केहि विद्यार्थीको स्थानीय स्वास्थ्य चौकीमा उपचार भईरहेको छ भने अधिकांश विद्यार्थीको जिल्ला अस्पतालमा उपचार भईरहेको जिल्ला अस्पताल स्याङ्जाले जनाएको छ । स्क्रब टाईफसबाट बढिमात्रामा कक्षा ९ र १० मा अध्ययनरत


बाँकी अन्तिम पृष्ठमा ▶▶


## युनाइटेड क्लबको १४ औँ साधारण सभा

**पोखरापत्र संवाददाता**
पोखरा, ११ असोज

युनाइटेड क्लब पोखराको १४ औँ साधारण सभा सम्पन्न भएको छ। साधारण सभाको उद्घाटन गर्दै गण्डकी प्रदेश सभा सदस्य तथा पूर्व मन्त्री बेद बहादुर गुरुङले युनाइटेड क्लबले राष्ट्रिय स्तरको क्लबको रुपमा काम गरेको बताए। युवाहरु द्वारा स्थापित युनाइटेड क्लबले राज्यले गर्न नसकेका कामहरुलाई क्लब स्तरबाटै पहलकदमी थालेर पोखरामा नया पर्यटकीय गन्तब्य चिडियाखाना निर्माणमा चालेको कदमको प्रशंसा गर्दै पोखरा जुलोजिकल पार्क निर्माण सम्पन्न गराउनका लागी आफ्नो ठाउबाट सहयोग गर्ने समेत बताए। त्यसैगरी क्लबले अगाडि सारेको सेती नदी संरक्षणको काममा समेत आफुले सहयोग गर्ने प्रतिवद्धता ब्यक्त गर्दै गुरुङले युनाइटेड क्लबको सिको अन्य संघ संस्थाहरुले समेत गर्न जरुरी रहेको समेत बताए । त्यस्तै पोखरा महानगरपालिका वडा नम्बर १० का वडा सदस्य पूर्ण चन्द्र न्यौपानेले युनाइटेड क्लब नेपालकै उत्कृष्ट क्लब मध्येमा एक रहेको वताउदै क्लबले आयोजना गर्ने जुनसुकै सामाजिक काममा पोखरा महानगरपालिका वडा नम्बर १० को साथ र सहयोग रहने



वताउदै सेती नदी संरक्षणमा समेत वडाले सहकार्य गरेर अगाडि बढ्ने प्रतिवद्धता ब्यक्त गरे । युनाइटेड क्लबका संस्थापक अध्यक्ष हिमाले बखेलले युनाइटेड क्लबलाई राष्ट्रिय स्तरको क्लब निर्माणको लागि पहल जारी रहेको बताउदै साहसिक सेती नदी एक पर्यटकीय गन्तब्य निर्माणमा समेत युनाइटेड क्लब अगाडि वढिरहेको र त्यसको नमुना चित्र आगामी १२ औँ पोखरा महोत्सवमा प्रदशनी गर्ने समेत वताए। क्लबका पूर्व अध्यक्ष सुक बहादुर गुरुङले क्लबले स्थापना कालदेखीनै शिक्षा, स्वास्थ्य, खेलकुद, पर्यटन प्रवर्द्धन लगायतका क्षेत्रमा उल्लेखनीय काम गरेको र उक्त कामहरुलाई आगामी दिनमा अझ गुणस्तरीय बनाउदै लैजाने बताए । अमरसिंह माबि विद्यालय ब्यवस्थापन समितिका अध्यक्ष कृष्ण प्रसाद कोइरालाले युनाइटेड क्लब र अमरसिंह मावि बीच संधै हातेमालो गरेर अगाडि बढ्ने बताउदै युनाइटेड क्लबले लेखनाथको अर्चलेमा रहेको जग्गालाई सदुपयोग गरेर अगाडि बढ्न समेत आग्रह गरे । कोइरालाले १२ औँ पोखरा महोत्सवको सफलताको अग्रीम सुभकामना समेत ब्यक्त गर्दै महोत्सव सफल बनाउन सहकार्य गरेर अगाडि बढ्ने समेत प्रतिवद्धता ब्यक्त गरे । क्लबका सम्पूर्ण सल्लाहकारहरुको तर्फबाट बोल्दै शुसिलराज पराजुलीले क्लबले सुरु गरेको खुल्ला चिडियाखाना पोखरा जुलोजिकल पार्क निर्माणको काम निरन्तर रुपमा अगाडि बढ्न नसकेकाले त्यस तर्फ गण्डकी प्रदेश सरकारले बिशेष ध्यान दिन आवश्यक रहेको वताए। क्लबका अध्यक्ष राजु श्रेष्ठले युनाइटेड क्लबले खुल्ला चिडियाखानाको अवधारणा अनुरुप चिडियाखाना निर्माण हुनुपर्छ भनेर अगाडि बढिरहदा हाल आएर बन्द चिडियाखाना बनाउन खोजिएको होकी भन्ने शंका उत्पन्न भएको वताए । सेती नदी संरक्षणमा महानगर र वडाले सहकार्य गर्न आवश्यक रहेको वताउदै युनाइटेड क्लवको सफलतामा अमरसिंह माविको उल्लेखनीय भुमिका रहेको समेत वताए।

कार्यक्रममा अध्यक्ष राजु श्रेष्ठ, महासचिव दिनेश सुनार र कोषाध्यक्ष सूर्य बहादुर बानियाले अध्यक्ष, महासचिव र कोषाध्यक्षको प्रतिवेदन प्रस्तुत गरेका थिए।सभामा उपस्थित सम्पूर्ण पदाधिकारी, सदस्य र सल्लाहकारहरुले ताली बजाएर प्रतिवेदन पारित गरेका थिए । महासचिव दिनेश सुनारले सञ्चालन गरेको कार्यक्रममा बरिष्ठ उपाध्यक्ष लोक बहादुर थापाले स्वागत मन्तब्य राखेका थिएभने संस्थाका प्रथम उपाध्यक्ष गणेश तिमिल्सिनाले धन्यवाद मन्तब्य राखेका थिए।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# पोखरामा केपी ओली कप राष्ट्रिय टि–ट्वान्टी क्रिकेट प्रतियोगिता मंसिर हुने

**पोखरापत्र संवाददाता**
पोखरा, ११ असोज

नेकपा एमाले निकटको संस्था मदन भण्डारी स्पोर्ट्स एकेडेमीको आयोजनामा पोखरामा आउदो मंसिर ७ गतेदेखि केपी ओली कप राष्ट्रिय टि–ट्वान्टी क्रिकेट प्रतियोगिता २०८० हुने भएको छ।



मंसिर १६ गते सम्म पोखरा रङ्गशालाको क्रिकेट मैदानमा उक्त प्रतियोगिता हुने भएको विहिबार पोखरामा आयोजित पत्रकार भेटघाट कार्यक्रममा जानकारी गराइएको हो । प्रतियोगितमा ३ विभागिय, आयोजक एक र ७ प्रदेशका गरी ११ टिमको सहभागिता रहने भएको एकेडेमीका अध्यक्ष ध्रुव आचार्यले बताउनु भयो । प्रतियोगितामा विभागिय नेपाल पुलिस, नेपाल आर्मी, एपीएफ सहभागि हुने भएका हुन् । प्रतियोगितामा प्रथम हुने टोलीलाई पाँच लाख र दोश्रो हुनेलाई दुई लाख पचास हजार नगद, शिल्ड, मेडल र प्रमाणपत्र प्रदान गरिने भएको छ । आईसीसीको नियम अनुसार खेलाइने प्रतियोगितामा म्यान अफ द सिरिजले नगद तीस हजार, बेस्ट बलरले नगद बीस हजार र म्यान अफ द म्याचले नगद पाच हजार रूपैयाँ प्रदा नगरिने भएको अध्यक्ष आचार्यले जनाउनु भयो । उक्त प्रतियोगिता सम्पन्न गर्न करिब ७७ लाख खर्च लाग्ने एकेडेमीले जनाएको छ । सबैका लागि खेलकुद' भन्ने मुल नाराका साथ २०६६ साल पुस १७ अर्थात १ जनवरी २०१० मा मदन भण्डारी स्पोटर्स एकेडेमीको स्थापना भएको संस्थापक उपाध्यक्ष मोहन रेग्मीले बताउनु भयो । एकेडेमीले खेल पर्यटनलाई आधार बनाई उत्पादन रोजगार र समृद्धिको यात्रामा समाजका हरेक क्षेत्रमा प्रतिष्पर्धाको आधारमा श्रेष्ठता हासिल गर्नुपर्छ भन्ने मदनको विचारलाई आत्मसात गर्दै आएको उहाँको भनाई छ ।

संघीय राजधानीदेखि सात प्रदेशसम्मलाई समेटेर आयोजना गरिएको प्रतियोगिताबाट धेरै खेलाडी र खेलप्रेमीहरू लाभान्भित भएको एकेडेमीको दाबी छ । एकेडेमीका संरक्षक पूर्व प्रधानमन्त्री केपी शर्मा ओलीको नामबाट उक्त प्रतियोगिता आयोजना गर्न लागिएको अध्यक्ष आचार्यले बताउनु भयो । पोखरामा हुने उक्त प्रतियोगितामा नयाँ खेलाडीहरुले समेत अवसर प्राप्त गर्ने बताउदै क्रिकेट विभाग प्रमुख पूर्व राष्ट्रिय खेलाडी शाक्ति गौचनले बताउनु भयो । आफुहरुले यू–१९ का खेलाडीहरुलाई बढी प्रोत्साहन गर्न खोजेको बताउदै उहाँले एकेडेमीको सबै क्षेत्रका खेलाडीहरु समेटेर बलियो टिम बनाउने बताउनु भयो ।

पोखरा रंगशाराको क्रिकेट मैदानमा हाल मैदान मर्मत संहारको काम गर्न सुरु भएको एकेडेमी गण्डकी इन्चार्ज राजेश कुमार गुरुङ्ले बताउनु भयो । पोखरामा यस्ता खेल गतिविधिले पोखरा क्षेत्रको खेल पर्यटनको विकास हुने उहाँले जनाउनु भयो । उक्त प्रतियोगितामा प्रबेश निःशुल्क हुने भएको प्रदेशका सचिव कृष्ण तिमिल्सिनाले बताउनु भयो ।

# बहाकोट कोट कालिका मन्दिरको उद्घाटन

**पोखरापत्र संवाददाता**
पोखरा, ११ असोज

स्याङजाको पुतलिबजार नगरपालिका ८ बहाकोटमा निर्माण सम्पन्न भएको कोट कालिका मन्दिरको उद्घाटन गरिएको छ।



बाइसे राजा पृथ्वी वीर बिक्रम शाहको पालामा स्थापित बहाकोट कोटकालिका मन्दिर जीर्ण बनेसंगै मन्दिरको जिर्णेद्धारा सहिन पुन निर्माण संगै मन्दिरमा ढलोटको मूर्ति समेत स्थापना गरिएको हो । मन्दिरको उद्घाटन गर्दै पुतलिबजार नगरपालिकाका मेयर तुलसीराम रेग्मीले ऐतिहासिक बहाकोट कालिका मन्दिर पुनर्निर्माण पश्चात मन्दिर आकर्षण बनेकाले बहाकोटमा आन्तरिक एवं बाह्य पर्यटक भित्रिने वताए । रेग्मीले मन्दिर सम्म आउने सडकको अवस्था अझैपनि दयनिय रहेको वताउदै उक्त सडक निर्माणमा नगरपाकिले सहयोग गर्ने र संघ र प्रदेश सरकार संग समेत समन्वय गरी सडकलाई बाह्रै महिना सञ्चालन हुने गरी निर्माण गर्न आफु प्रतिवद्ध भएर लाग्ने वताए । ऐतिहासिक एवं धार्मिक मन्दिर दर्शनका लागि बहाकोट भित्रिने पाहुनालाई रैथानेबालीको परिकार खुवाउन र स्थानीय संस्कृतिको प्रवर्द्धन गर्न होमस्टे सञ्चालन गर्न समेत बहाकोट बासीलाई उनको आग्रह रहेको थियो ।

त्यस्तै अधिवक्ता विश्वराज मरासिनीले बहाकोट बासी दाजुभाइले पहलकदमी थालेर स्वदेश तथा विदेशमा रहेका जनसमुदायको सहयोगबाट मन्दिर निर्माण हुनु बहाकोट बासीको गौरवको विषय भएको वताउदै स्याङजा जिल्लामा नया धार्मिक पर्यटकीय गन्तब्य थपिएको वताए । बहाकोट कालिकाले बहाकोट आसपासको पर्यटकीय गतिविधीलाई टेवा पऱ्याएको बताउदै बहाकोट कालिकाको मन्दिर संरक्षणमा समेत सम्पूर्ण बहाकोटबासी जुट्नुपर्नेमा जोड दिए । पुतलिबजार नगरपालिका वडा नम्बर ८ का अध्यक्ष इम बहादुर सेनले सहयोगी हातबाट करोडौको लगानी गर्न सफल भएको वताउदै सहयोगी मनकै कारण बहाकोट कोटकालिका मन्दिर स्थापना भएको बताए ।

सहयोग गर्नेहरुलाई धन्यवाद ब्यक्त गर्दै वडाअध्यक्ष शाहीले आगामी दिनमा मन्दिर जाने बाटो आफ्ठेरो रहेको वताउदै सडक निर्माणका लागी र बहाकोटमा थ्री फेस लाइन जडानका लागीसमेत पहलकदमी थाल्ने वताए । बहाकोट संग मिलिनियम ट्रेक कोल्मा, कैलाश गुफा र भारकोट स्तुपालाइ जोडेर पर्यटन प्रवर्द्धन संगै आर्थिक बिकासमा अगाडि बढ्ने सकिने उनको भनाइ रहेको थियो । मन्दिर निर्माण समितिका अध्यक्ष भरतकुमार रानाले सिपाहीले मन्दिर अगाडी सुतिरहेको बाघलाई तरबारले काटेकाले सो ठाउँको नाम बाघकाट र समयान्तरमा अपभ्रम्स भई बहाकोट रहन गएको किंवदन्ती रहेको बताए । सुतेकै बाघलाई सिपाहीले काटेकाले बहाकोट कोटकालिकाको मौला समेत सुताइएर राख्ने गरिँदै आएको र आगामी दिनमा बाघ काटेको मूर्ति समेत बनाउने आफुहरुको योजना रहेको वताए । पुतलीबजार नगरपालिका, गण्डकी प्रदेशको सामाजिक विकास मन्त्रालय स्थानीय र बाह्य सहयोगी एंव चन्दादाताको सहयोगमा संकलित एक करोड एक लाख ३५ हजार ८ सय ८ रुपैया लागतमा बहाकोट कोट कालिका मन्दिर निर्माण सम्पन्न गरिएको आर्थिक संकलन संयोजक इन्द्र बहादुर थापाले वताए । मन्दिरमा बडादसैंको महाअष्टमीको रातमा कालरात्रीको बिशेष पूजापाठ हुने साथै बडादसैको नवमी र चैतेदसैंको अष्ठमीमा पञ्चवली सहित विशेष पूजा हुने गर्दछ ।

## स्क्रब...

विद्यार्थीहरु बिरामी भएको विद्यालयका शिक्षक दुर्गाबहादुर रोकाहाले जानकारी दिए । उपचारार्थ अस्पताल भर्ना भएका विद्यार्थीको उपचार र विद्यालयको पूर्ण सरसफाई भएपछि मात्रै विद्यालय संचालनमा आउने शिक्षक रोकाहाले बताए ।

रोग नियन्त्रणका लागि जिल्ला अस्पताल स्याङ्जाले विशेष स्वास्थ्यकर्मीको एक टोली घटनास्थल पठाएको छ । रोग नियन्त्रण गर्न स्थानीय स्वास्थ्य चौकी र अस्पतालबाट खटिएको टोलीले विद्यालय र अभिभावक बस्ने दरौ गाउँमा स्वास्थ्य परिक्षण अभियान संचालन गरिने अस्पताल प्रमुख तथा मेडिकल सुपरिटेन्डेन्ट डा. रुकमिना अधिकारीले जानकारी दिईन् ।

मुसामा देखिने किर्ना जस्तो किराबाट मानिसमा सर्ने यो रोग मानिसबाट मानिसमा भने सर्दैन । किर्ना जस्तो देखिने किरा माइटको टोकाइबाट मानिसमा सर्दछ । यो रोग माइटमा पाइने ओरेन्सिया सुसुगामुसी भन्ने जीवाणुबाट लाग्छ । माइट प्रायः जसो झाँडी, खेतबारी, वनजगंल, घर वरपरको झाँडी तथा फोहोर हुने ठाँउमा देखिने सवास्थ्यकर्मी बताउँछन् ।

स्क्रब टाईफस भएका मानिसहरुमा धेरै जरो आउने १०४ डिग्री भन्दा बढि र काम जरो समेत आउन, धेरै टाउको दुख्ने, पसिना धेरै आउने, आँखा रातो हुने, झाडापखला लाग्ने, विस्तारै शरिरका मुख्य अंगहरुले काम गर्न छोड्ने, समयै उपचार नभएका कडा खालको स्वासप्रस्वास समस्या जस्तै दम बढ्नु सास फेर्न गाह्रो भई विरामी सिकिस्त समेत हुन सक्छ । किराले टोकेको ठाँउमा रातो डावर जस्तो देखिन सक्छ । टोकेको ठाँउमा पछि गएर कालो दाग बस्न सक्छ ।

खेतीबारीमा काम गर्दा, वनजँल झाँडीमा जाँदा तथा घाँस काट्न जादाँपुरा शरिर ढाकीने कपडा लगाउने संभव भए बुट लगाउने, घाँसबारी वा चौरमा बस्दा गुद्री वा दरी ओछ्याएर बस्ने, सम्भव भएसम्म भुईमा नबस्ने, खाटमा वा अग्लो स्थानमा बस्ने तथा सुत्ने, सकेसम्म घाँसबारी र चौरमा नबस्ने, मुसा नियन्त्रणको लागि उपयुक्त किसिमले अन्न भण्डारण गर्ने तथा मुसाको बृद्धि विकास नहुने वातावरणको सिर्जना गर्ने ।

## हुम्लाको...

सैद्धान्तिक सहमति भइसकेको जानकारी पनि दिनुभयो । हिन्दू धर्मग्रन्थहरूमा उल्लेख भएअनुसार कैलाश पर्वतलाई देवहरूका पनि देव, महादेव रहने स्थान एवं अन्य देवी-देवताहरूले पनि स्पर्श गर्नुभएको पवित्र भूमि मानिन्छ ।

त्यसैले कैलाश पर्वत र यस क्षेत्रलाई हिन्दू धर्मावलम्बीहरूले पवित्र तीर्थस्थलका रूपमा लिने गरेका छन् । चीनको स्वशासित क्षेत्र तिब्बतको पश्चिम भाग ङारीबाट कैलाश मानसरोवर क्षेत्र करिब दुई सय ५० किलोमिटर टाढा रहेको छ । उता नेपालतर्फबाट भने नेपालको हुम्ला सदरमुकाम सिमकोटबाट एक सय ६० किलोमिटरमात्रै टाढा रहेको छ ।

# ज्योतिषको प्रयोगात्मक अध्ययनका लागि संस्कृत विद्यापीठमा बन्यो गोल

**पोखरापत्र संवाददाता**
पोखरा, ११ असोज

नेपाल संस्कृत विश्वविद्यालयको आंगिक क्याम्पस विन्दुवासिनी संस्कृत विद्यापीठ (क्याम्पस) पोखरामा ज्योतिष विषयको प्रयोगात्मक अध्ययनका लागि गोल निर्माण गरिएको छ ।

विद्यापीठका पूर्व प्राचार्य सहप्रा अम्बिकाप्रसाद भट्टराईको संयोजन एवम् ज्योतिष विषयका विभागीय प्रमुख एवम् पूर्व प्राचार्य प्रा.श्रीराम बराल र सहप्रा पूर्णचन्द्र वाग्लेको सैद्धान्तिक एवम् प्राविधिक सहयोगमा गोल निर्माण गरिएको हो । विभिन्न व्यक्तिको सहयोगमा करिब ५० हजार रुपैयाँको लागतमा गोल निर्माण गरिएको आज यहाँ आयोजित कार्यक्रममा सहप्रा भट्टराईले जानकारी दिनुभयो । ज्योतिष शास्त्रमा ग्रहको अवस्था आदिलाई कक्षा कोठामा सैद्धान्तिक रुपमा मात्र पढाएर बुझाउन नसकिने वास्तविकतामा विद्यार्थीलाई गोल भित्रै राखेर खगोलीय अध्ययन गराउन यसको निर्माण अपरिहार्य ठानिएको सहप्रा पूर्णचन्द्र वाग्लेले बताउनुभयो । नेपाल संस्कृत विश्वविद्यालयका विभिन्न विद्यापीठहरूमा ज्योतिष विषयको अध्ययन अध्यापन गर्दै आइए पनि कुनै पनि विद्यापीठमा गोल निर्माण गरी हालसम्म प्रयोगात्मक अध्ययन अध्यापन हुन नसकेको वास्तविकतामा पोखरामा गोल निर्माण गरिनु आँफैंमा महत्वपूर्ण रहेको ज्योतिष विषयका विभागीय प्रमुख एवम् पूर्व प्राचार्य प्रा.श्रीराम बरालले बताउनुभयो । ज्योतिष आँफैंमा विज्ञानमा आधारित विषय भएको बताउँदै उहाँले यसको महत्वलाई राम्रोसँग उजागर गर्न नसकिएको बताउनुभयो । गोल निर्माणले ज्योतिष विषयको सैद्धान्तिक अध्ययन एवम् प्रयोगात्मक अध्ययनका लागि सहयोग पुग्ने प्राचार्य प्रा.डा. जगन्नाथ रेग्मीले बताउनुभयो । यसको निर्माणले ज्योतिष विषयका अध्येतासँगै भुगोल, विज्ञान जस्ता विभिन्न विषयका अनुसन्धाताका लागि पनि उत्तिकै महत्वपूर्ण बन्ने विश्वास लिइएको उहाँले बताउनुभयो । कार्यक्रमकै अवसरमा सहप्रा पूर्णचन्द्र वाग्लेले "अयनचलन र यसको प्रभावः शास्त्रीय र आधुनिक मान्यता" विषयक अवधारणापत्र प्रस्तुत गर्नुभएको थियो । अयन चलनको कारणबाट वसन्त आदि ऋतुमा भएको परिवर्तन अनुसार सौरमान वा ऋतुजन्य चाडपर्व आदिको सुधारका पक्षमा शास्त्रीय धारणलाई अघि बढाउनु उपयुक्त हुने उहाँले बताउनुभयो ।


## लम्पी स्किन रोगबाट बचाउने उपायहरू

**पशुमा लाग्ने लम्पी स्किन रोगबाट बचाउन:**

- झिँगा, लामखुट्टे, किर्ना, भुसुना जस्ता टोक्ने वा रगत चुस्ने किराहरुको नियन्त्रण गरौं ।
- तीन महिना भन्दा बढी उमेर समुहका पशुलाई लम्पी स्किन विरुद्धको खोप बर्षेनी लगाऔं ।
- गोठ सफा राखी नियमित फिनेल पानी छर्कने गरौं ।
- रोगी पशुलाई सामुहिक चरन/खर्क/आहालमा नलैजाऔं ।
- संक्रमित क्षेत्रका पशुको ओसारपसार नगरौं ।
- अन्यत्रबाट ल्याईएको पशुलाई कम्तिमा २८ दिन अलग्गै राखौं ।
- मरेका पशु र लसपस भएको सोत्तरलाई गहिरो खाडलमा पुरौं ।
- पशुचिकत्सकसँग परामर्श गरी लम्पी स्कीन रोग विरुद्ध खोप लगाऔं ।


नेपाल सरकार
विज्ञापन बोर्ड



# कपालको उपचार

## कपाल झर्न तुरून्त रोक्ने तथा उमार्ने

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६



# प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाइसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०



# के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरूषमा देखिने:**
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने:**
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय:** प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

कमाउन जति गाह्रो छ, गुमाउन ज्यादै सजिलो हुन्छ ।

– स्वटेमार्डन

## सम्पादकीय

# बागमती प्रदेश अधिवेशनमा सहमतिको प्रयास

काठमाडौंमा जारी नेकपा एमालेको प्रथम बागमती प्रदेश अधिवेशनमा सहमतिका नाममा निर्वाचन कार्यक्रम निरन्तर परिवर्तन हुँदै आएको छ । चार दिनबाट प्रदेश कमिटि चयन गर्नको लागि बागमतीको १३ जिल्लाबाट काठमाण्डौं आएका ११ सय ६७ प्रतिनिधिहरु दिनभर पार्टी केन्द्रीय कार्यालय च्यासल वरपर चिया पिउनेअखडा बनाएका छन ।

अधिवेशनको पहिलो दिन एमाले अध्यक्ष केपीशर्मा ओलीले सकेसम्म सहमति नत्र निर्वाचनको विधिबाट पार्टीको प्रदेश नेतृत्व चयन गर्नको लागि निर्देशन दिइसकेका छन् । तर निर्वाचन कार्यक्रम गर्ने जिम्मा पाएको अध्यक्ष मण्डलले भने सहमतिको नाउँमा प्रत्येक दिन कार्यसूचि परिवर्तको लागि निर्वाचन समितिलाई आदेश दिएपछि प्रतिनिधिहरुमा निराशा छाएको छ । दुई दिनको लागि तयर गरिएको प्रदेश अधिवेशनमा सहभागिता जनाउन काठमाडौं आएका प्रतिनिधिहरु केन्द्रीय नेतृत्वले सहमतिको लागि गरेको असफल भएको छ ।

आफूले चाहेको ब्यक्ति प्रदेशको नेतृत्व सहित पदाधिकारीमा आउनुपर्ने केन्द्रीय नेतृत्वको सोचको कारण आफुहरुको काठमाण्डौं बसाई लामो र दिक्दारलाग्दो भएको लामो समयसम्म काठमाडौं बस्दा आर्थिक भार परिसकेको उनको भनाई रहेको छ । गलाएरै छाडने ‘मूडमा’ नेतृत्व पुगेको देखिन्छ ।

अधिवेशन सुरु भएको चार दिन बितिसक्दा समेत सहमति हुन नसकेपछि अहिले एमाले नेता गुहार्ने प्रबृत्ति छ । अध्यक्षको उम्मेद्वारबीच सहमतिको प्रयास भन्दै केहि छलफल समेत भए उनको आग्रहपछि अध्यक्षका उम्मेद्वारहरु सानुकुमार श्रेष्ठले उम्मेदवारी फिर्ता गरेका छन् । तर अध्यक्षका उम्मेद्वार देखिएको छ ।

अन्य पदाधिकारीबीच पनि सर्वसम्मतको संभावना निकै न्यून देखिएको छ । सदस्यको विभिन्न क्लस्टरमा भने केहि निर्विरोध भएको छ भने केही जिल्लाको भूगोल तर्फ सदस्यहरु निर्विरोध भएका छन् । तर त्यसको आधिकारीक घोषणा भने भएको छैन । एमाले केन्द्रीय नेतृत्व भने आज रातभर बसेर भएपनि सबै पदमा सर्वसम्मतको प्रयासमा लाग्नेछन् । हाल महासचिवले उक्त विषयको नेतृत्व गरेका छन् तर आवश्यक परे एमाले अध्यक्ष केपी शर्मा ओली आफैं आउने या निर्देशन दिने संभावना समेत रहेको श्रोतको दाबी छ । तर अध्यक्षका तीनजना उम्मेद्वारले भने निर्वाचनको लागि आफूहरु तयार रहेको संकेत दिइसकेका छन् । उपाध्यक्ष, सचिव तथा उपसचिवका उम्मेद्वारहरु पनि गल्ने मनस्थितिमा छैनन् ।

रातभरी सहमति नभएको अवस्थामा शुक्रबार बिहान ८ बजेबाट च्यासलमा विधुतीय मतदान हुने भएको छ । मतदान पश्चात सोही स्थानमा मतगणना तथा विजेताहरुलाई प्रमाणपत्र दिने कार्यक्रम रहेको छ । अधिकांश जिल्लाको भूगोल तथा अन्य क्लस्टरमा सहमति भएको कारण पदाधिकारी र खुल्ला सदस्यमा मात्र पुग्नसम्म टसल हो ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शारीरिक झमेला | तुला | : मन चञ्चल |
| वृष | : ब्यापारमा लाभ | वृश्चिक | : सहयोग मिल्नेछ |
| मिथुन | : अप्रत्यसित लाभ | धनु | : सत्कार मिल्नेछ |
| ककर्ट | : शत्रुको भय | मकर | : सम्मान मिल्नेछ |
| सिंह | : झमेला बड्ने | कुम्भ | : आर्थिक समस्या |
| कन्या | : कार्यमा सफलता | मीन | : मानसिक तनाब |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस् ।


# पोखरामा सिट्रोनको अत्याधुनिक शोरुम सञ्चालनमा

**पोखरापत्र संवाददाता**
पोखरा, ११ असोज (रासस)



पोखरामा सिट्रोन कारको शोरुम सञ्चालनमा आएको छ । पोखरा क्षेत्रका लागि आधिकारिक बिक्रेता एस.एस.एल. मोटर्सको शोरुम पोखराको नयाँबजारमा औपचारिक रुपमा सञ्चालनमा आएको हो । यातायात व्यवस्था कार्यालय सवारी गण्डकीका कार्यालय प्रमुख डिल्लीराज रिजाल र सिट्रोनको लागि नेपालको आधिकारिक बिक्रेता साँग्रिला मोटर्स प्रालिका एसिस्टेन्ट जनरल म्यानेजर किरण श्रेष्ठले बिहीबार एक कार्यक्रमबीच शोरुमको उद्घाटन गरेका हुन् । शोरुमको उद्घाटनसँगै नेपाली बजारमा उपलब्ध सिट्रोनका विद्युतीय गाडीको बिक्री शुभारम्भसमेत गरिएको छ । पोखरामा सिट्रोन ई-सी ३ र सी ३ को बिक्री शुभारम्भ गरिएको हो । पछिल्लो समय विद्युतीय गाडीप्रति ग्राहकको आकर्षण बढिरेको सन्दर्भमा सिट्रोनको उपस्थितिले धेरैलाई आकर्षित गर्ने कम्पनीले विश्वास लिएको छ । पोखरामा सार्वजनिक भएका सिट्रोन गाडीको टेष्ट्र ड्राइभसमेत सुरु भएको एस.एस.एल. मोटर्सका प्रवन्ध निर्देशक शिव बरालले जानकारी दिए । सिट्रोन ई-सी३ को लाइभ भेरिन्टको मल्य ३२ लाख ९९ हजार रुपैयाँ कायम गरिएको छ । फिल भेरियन्टको मूल्य ३४ लाख ९९ हजार रुपैयाँ कायम गरिएको छ । विद्युतीय गाडीमा २९.२ किलोवाट आवरको ब्याट्री र ४२.५ किलोवाटको मोटर जडान गरिएको छ । यसको टर्क १४३ एनएम छ । यसलाई एकपटक फुल चार्ज गरेपछि ३२० किलोमिटर गुडाउन सकिन्छ । ३.३ किलोवाटको एसी चार्जरले १० घन्टा ३० मिनेटमा फुल चार्ज गर्न सकिने ई-सी३ लाई डीसी फास्ट चार्जरको साहयतामा ५७ मिनेट भित्रै ८० प्रतिशत चार्ज गर्न सकिन्छ । ‘राम्रो फिचरसहितको गाडी पोखरामा उपलब्ध गराउन हामी सफल भएका छौं,’ उनले भने, ‘टेष्ट ड्राइभ गरेर गाडीबारे जानकारी लिन सक्नुहुन्छ ।’ पोखरा क्षेत्रमा सिट्रोन ई-सी३ लोकप्रिय हुने उनले विश्वास व्यक्त गरे । बिक्री पछिको सेवालाई प्राथकिता दिदै पोखरा १० औद्योगिक क्षेत्रमा सर्भिस सेन्टरसमेत विस्तार गरिसकिएको बरालले जानकारी दिए । ‘हामी हाम्रा ग्राहकको सुविधालाई पहिलो प्राथमिकतामा राख्छौं,’ उनले भने । अत्याधुनिक प्रविधि र कनेक्टिभिटी सुविधाहरू सहितको ई-सी३ मा टचस्क्रिन इन्फोटेनमेन्ट प्रणाली, स्मार्टफोन इन्टिग्रेसन र ड्राइभर-असिस्ट सिस्टमहरू छ । सो कारलाई १०७ किलोमिटर प्रतिघन्टाको उच्च गतीमा हाँक्न सकिन्छ ।

यसमा रिजेनेरेटीभ ब्रेकिङ सिस्टमसहित इको र स्ट्याण्डर्ड गरी दुई ड्राइभिङ मोड पाउन सकिन्छ । अत्याधुनिक प्रविधि र कनेक्टिभिटी सुविधाहरू सहितको ई-सी३ मा टचस्क्रिन इन्फोटेनमेन्ट प्रणाली, स्मार्टफोन इन्टिग्रेसन र ड्राइभर-असिस्ट सिस्टमहरू रहेको छ जसले सुविधा, मनोरञ्जन र सुरक्षा प्रदान गर्दै समग्र ड्राइभिङ अनुभव निखार्दछ ।

कम मूल्यमा धेरै फिचरहरु सहितको विद्युतीय गाडी खोज्ने पर्यावरण-सचेत उपभोक्ताहरूका लागि सिट्रोन ई-सी३ एक आकर्षक रोजाई हो । यसको दमदार पर्फमेन्स, स्टाइलिश डिजाइन, दिगोपन, अत्याधुनिक प्रविधि र आकर्षक मूल् यले विद्युतीय गतिशीलता र लक्जरीलाई आम मानिसको सहज पहुँचमा ल्याएको छ । नेपालका लागि सिट्रोनको आधिकारिक वितरक सांग्रिला मोटर्स प्रालि हो ।

# नेता बरालको नेतृत्वमा बडिगाड गाउँपालिकाको जैबगरमा सडक मर्मत

**पोखरापत्र संवाददाता**
पोखरा, ११ असोज



नेकपा माओबादी (केन्द्र) बडिगाड गाउँपालिका बाग्लुङको आयोजनामा बडिगाड गाउँपालिका खण्डको जैबगर क्षेत्रमा सडक मर्मत तथा सरसफाई गरिएको छ ।

पार्टीको विशेष रुपान्तरण अभियान अर्न्तगत विहिबार बडिगाड गाउँपालिका वडा नं ५ जैबगर क्षेत्रको सडक अत्यन्त जिर्ण भै यातायात संचालनमा निकै जोखिम पुर्ण भएकोले उक्त क्षेत्रको सडक मर्मत तथा सरसफाई गरिएको पार्टीका केन्द्रिय सदस्य रामजी प्रसाद बराल जीवनले बताउनु भयो ।

नेता बरालको संयोजकत्वमा उक्त गाउँपालिकामा जनतासंग प्रत्यक्ष जोडिएका सहित विभिन्न कार्यक्रम हुदै आएको पार्टीले जनाएको छ । गण्डकी प्रदेशका पूर्व अर्थ मन्त्री समेत रहनु भएका नेता बरालले गैची, सावेल, कोदालो जस्ता साधनको प्रयोगले सडकमा भएको खाल्डाखुल्डी, ठिस्को मिला(उने काम भएको बताउनु भयो । बडिगाड गाउँपालिका वडा नं ५ का अध्यक्ष बिष्णु प्रसाद आचार्यको विशेष ब्यबस्थापनमा उक्त सडक मर्मत कार्य तथा सरसफाई भएको नेता बरालले बताउनु भयो । अध्यक्ष आचार्यले सडक मर्मत तथा सफाई अभियानमा सहभागि सबै नेता तथा कार्यकर्ताहरु एबं सहयोग गर्नु हुने सबैमा हार्दिक आभार सहित धन्यवाद ज्ञापन गर्नु भएको थियो । विशेष रुपान्तरण अभियान अनुरुप माओबादी नेता कार्यकर्ता जनता सहित श्रममा सहभागी हुने योजना अनुसार आफुहरु एक दिने श्रमदान अभियानमा जुटेको नेता बरालले बताउनु भयो ।

मध्यपहाडी लोकमार्ग बडिगाड गाउँपालिका खण्ड वडा नं ५ जैबगर अत्यन्त जिर्ण भै यातायात संचालनमा निकै जोखिम पुर्ण भएकोले निर्माण ब्यबसायी र ईन्जिनियरलाई पटक पटक अबगत गराउदा समेत सुनुवाई नभए पछि आफुहरु जनप्रतिनिधिको साथमा सडक मर्मत तथा सफाई अभियानमा जुटेको नेता बरालले जनाउनु भयो ।

# डेङ्गु सङ्क्रमण बढेपछि ‘खोज र नष्ट गर’ अभियान

**पोखरापत्र संवाददाता**
दमौंली, ११ असोज (रासस)

तनहुँको सदरमुकाम दमौलीमा डेङ्गु सङ्क्रमण बढेपछि ‘खोज र नष्ट गर’ अभियान सुरु गरिएको छ । डेङ्गुबाट दमौली बजार क्षेत्रका वडाका सर्वसाधारण सङ्क्रमित भएपछि जिल्ला प्रशासन कार्यालयको संयोजनमा आजदेखि उक्त अभियान सुरु भएको हो ।

जनप्रतिनिधि, सुरक्षाकर्मी, कर्मचारी, स्वास्थ्य स्वयंसेविका, टोल विकास संस्थालगायतको संयुक्त सहभागितामा अभियान सञ्चालन गरिएको जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख शङ्करबाबु अधिकारीले जानकारी दिनुभयो । उहाँका अनुसार सहभागीलाई दुई समूहमा विभाजन गरी व्यास नगरपालिका-२ र व्यास नगरपालिका-३ मा अभियान सञ्चालन गरिएको छ । सहभागीहरुले लामखुट्टेले फूल पार्नसक्ने सम्भावित स्थानको खोजी गर्ने र लामखुट्टेको बासस्थान नष्ट गर्ने अधिकारीले बताउनुभयो । यस अभियानअन्तर्गत विभिन्न चेतनामूलक सन्देश प्रवाह गर्ने, प्रभावित क्षेत्रका नागरिकलाई लामखुट्टेको टोकाइबाट जोगिने उपायका बारेमा सजग गराइने प्रमुख जिल्ला अधिकारी छविलाल रिजालले बताउनुभयो । स्वास्थ्य कार्यालयका प्रमुख अधिकारीका अनुसार जिल्लाभर एक हजार नौ सय ९४ जनामा डेङ्गु सङ्क्रमण भएकामा व्यास नगरपालिकामा मात्रै एक हजार छ सय ९० सङ्क्रमित छन् । नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख प्रमोद सोतीका अनुसार व्यास-२, ३ र ४ मा बढी सङ्क्रमण भएका छन् ।

# साझाका पुस्तकमा पचास प्रतिशतसम्म छुट

**पोखरापत्र संवाददाता**
पोखरा, ११ असोज

साझा प्रकाशनको केन्द्र र देशभरका शाखा कार्यालयमा गत आइतबारदेखि पुस्तक प्रदर्शनी चलिरहेको छ । पुस्तक किन्दा छुट सुविधा पाएपछि प्रदर्शनीमा पाठकको आकर्षण बढेको छ । प्रदर्शनी यही असोज २२ गतेसम्म चल्ने साझा प्रकाशनको पोखरास्थित शाखा कार्यालयका प्रमुख जीतेन्द्र लावतीले जानकारी दिनुभयो ।

उहाँका अनुसार पुस्तक बिक्रीमा न्यूनतम ३० देखि बढीमा ५० प्रतिशतसम्म छुटको व्यवस्था गरिएको छ । विसं २०४० अघि प्रकाशित पुस्तकमा ५० प्रतिशत, विसं २०४० देखि विसं २०५० को बीचमा प्रकाशित पुस्तकमा ४० प्रतिशत र विसं २०५० यता प्रकाशित भएका पुस्तकमा ३० प्रतिशत छुट दिइएको प्रमुख लावतीले बताउनुभयो ।

प्रदर्शनीमा साझा र अन्य प्रकाशनका पुस्तक राखिएको छ । “साझा र अन्य प्रकाशनका पुस्तकको प्रदर्शनीकक्ष छुट्टाछुट्टै छ, उपन्यास र कथाका पुस्तक बढी बिक्री भइरहेको छ”, प्रमुख लावतीले भन्नुभयो, “प्रदर्शनी अवलोकन र पुस्तक किन्न आउने पाठकको सङ्ख्या दैनिक बढ्दो क्रममा छ ।” प्रदर्शनीमा कला, साहित्य, इतिहास, संस्कृति, दर्शन, मनोरञ्जनलगायत विधाका पुस्तक राखिएको कार्यालयले जनाएको छ ।

शनिबार र बिदाका दिनका पनि प्रदर्शनी खुला रहने जनाइएको छ । साझा प्रकाशनले बर्सेनि पुस्तक प्रदर्शनीको आयोजना गर्दै आएको छ । प्रदर्शनीबाहेकको समयमा पनि पुस्तक किन्दा पाठकलाई छुट सुविधा दिने गरिएको कार्यालयले जनाएको छ । “एकैसाथ धेरै पुस्तक किन्दा अघिपछि पनि छुट पाइन्छ”, प्रमुख लावतीले भन्नुभयो, “पाँच सयको खरिद गर्दा २० प्रतिशत र रु एक हजारसम्मको पुस्तक किन्दा २५ प्रतिशत छुटको व्यवस्था छ ।”

# पोखरासँग पनि जोडियो सहश्राव्दी पदमार्ग


**पोखरापत्र संवाददाता**
पोखरा, ११ असोज

पदयात्रा पर्यटनमा चासो र चर्चा कमाउँदै गएको नेपालको मध्यपहाडी क्षेत्रको एकमात्र सहस्नाब्दी पदमार्ग (मिलेनियम ट्रेक) पोखरा महानगरपालिकासँग पनि जोडिएको छ । सन् २००० देखि सञ्चालनमा आएको तनहुँको दुलेगौँडाबाट स्याङ्जाको रामबाछा जोड्ने ७२ किलोमिटर दुरीको उक्त पदमार्गले यसअघि पोखरा महानगरपालिकालाई छोएको थिएन ।

पदमार्गको हालै गरिएको नयाँ नक्शाङ्कनले पोखरा महानगरपालिकासँग पनि जोडिएको मिलेनियम ट्रेक व्यवस्थापन समितिका महासचिव हर्क गुरुङले जानकारी दिनुभयो । “यसअघि सन् २०१२ मा गरिएको नक्शाङ्कनमा पोखरा मिलेनियम ट्रेकसँग जोडिएको थिएन”, उहाँले भन्नुभयो, “उक्त नक्शाङ्कनमा केही समेट्नै पर्ने स्थान छुटेकाले पुनः नक्शाङ्कन गरिएको हो, यसको प्रारम्भिक खाका (ड्राफ्ट) आइसकेको छ ।” पुनः नक्शाङ्कन कार्य भूगोल विषयका सहप्राध्यापक डा रामजी पोखरेलको नेतृत्वमा तयार गरिएको जानकारी दिँदै गुरुङले यसलाई चाँडै नै अन्तिम रुप दिएर सार्वजनिक गरिने बताउनुभयो । नयाँ नक्शाङ्कनमा पोखरा महानगरपालिका-३३ को भरतपोखरीबाट निर्मलपोखरी, स्याङजाको टक्सार हुँदै शुक्ला गण्डकी नगरपालिका-१२ लामागाउँ जोडिएको उहाँले जानकारी दिनुभयो । योसँगै मिलेनियम ट्रेकमा पछिल्लो समयमा कृषि पर्यटनका विषयमा चर्चा कमाएको भरत पोखरीको बागमाराबाट पदयात्री मिलेनियम ट्रेकको लामागाउँ खण्डमा जोडिन सक्ने गुरुङको भनाइ थियो । “यसले भरत पोखरी र निर्मल पोखरीका पर्यटकीय गन्तव्यलाईसमेत प्रवर्द्धन गर्ने भएको छ”, उहाँले भन्नुभयो, “नयाँ नक्शाङ्कनले प्रचारप्रसारको अभावमा ओझेलमा परेका भरत पोखरीको मल्लकालीन कोटभैरव मन्दिर, हुडिकोट, बरपाण्डेथुमको महारुद्रथान फोक्सिङकोट आदि धार्मिक एवम् पर्यटकीय गन्तव्यको प्रवर्द्धनमा पनि टेवा पुग्ने विश्वास लिइएको छ ।” समितिका महासचिव गुरुङका अनुसार नयाँ नक्शाङ्कनमा यस अघि छुटेका तनहुँकै धार्मिक पर्यटकीयस्थल च्यवनधाम, वंशु पार्क, तमु हिल पार्क आदि सांस्कृतिक एवम् ऐतिहासिकस्थल समेटिएका छन् ।

समुद्री सतहबाट चार सय २० मिटरदेखि एक हजार सात सय १५ मिटर उचाइसम्ममा रहेको यो पदमार्ग उच्च पहाडी स्थानमा जान नसक्ने तर पदयात्राको इच्छा राख्नेका लागि पनि उपयुक्त मानिन्छ । पदमार्गको प्रवर्द्धनका लागि नेपाल पर्यटन बोर्डले रू १० लाख तथा पदमार्गमा सिँढीबाटो निर्माणका लागि रू ५० लाख छुट्याएको छ । चालु आर्थिक वर्षमा मिलेनियम ट्रेकका लागि गण्डकी प्रदेश सरकारले रू २० लाख विनियोजन गरेको महासचिव गुरुङले जानकारी दिनुभयो ।

## एउटै व्यक्ति भएको सूचना



स्याङ्जा जिल्ला साविक अर्जुनचौपारी गा.वि.स. वडा नं. ९ हाल अर्जुनचौपारी गाउँपालिका वडा नं. २ निवासी भारतीय भू.पू. सैनिक नं. ७०५५१५८ के हनेरी नायव सुवेदार यामबहादुर घर्ती भन्ने अमबहादुर घर्तीको श्रीमती तिला देवी घर्ती भन्ने जानकीको निवेदन अनुसार निजले मिति २०४५/१/१५ मा नेपाली नागरिकताको प्रमाणपत्र लिएकी र सो नेपाली नागरिकताको प्रमाण पत्रलाई निजको पतिको भारतीय पेन्सन अभिलेख अनुसार नाम, थर र जन्ममिति संशोधन गरी निजले मिति २०७१/०३/०३ मा नेपाली नागरिकताको प्रमाणपत्र लिएको व्यहोरा सम्बन्धित निकायमा सिफारिस गरि दिनुहुन भनी उक्त गाउँपालिका २ नं. वडा कार्यालयको च.नं. १७२ मिति २०७५/०८/२१ को पत्रबाट लेखी आएकोले सोही व्यहोरा प्रमाणित गरिन्छ ।

**जिल्ला प्रशासन कार्यालय, स्याङ्जा**

# ईन्टर कलेज व्याण्ड कम्पिटिसन शुक्रबारदेखि

**पोखरापत्र संवाददाता**
पोखरा, ११ असोज

पोखरामा शुक्रबार असोज १२ गतेदेखि ईन्टर कलेज व्याण्ड कम्पिटिसन शुरु हुँदैछ । पोखरा सांगीतिक कलाकार संघको आयोजनामा असोज १३ गतेसम्म हुने प्रतियोगिता पोखराको नयाबजारस्थित प्रदर्शनी केन्द्रको डोममा हुनेछ । प्रतियोगिताको तयारी पूरा भएको आयोजकले जनाएको छ।

प्रतियोगितामा १८ कलेजका २१ टिमले प्रतिष्पर्धा गर्ने जनाइएको छ। कक्षा ८ देखि स्नातकोत्तरसम्मका विद्यार्थीले सहभागिता जनाउने पाउने प्रतियोगितामा भद्रकाली मावि, कालिका मावि, कुमुदिनी होम्स, ईन्फोमेटिक्स कलेज, कान्तिपुर कलेज, ग्लोवल कलेजियट, सगरमाथा मावि, लाभेन्ज बोर्डिङ स्कुलले प्रतिष्पर्धाका लागि नाम दर्ता गराएको संघका अध्यक्ष हर्कराज गुरुङ (भाई)ले जानकारी दिए । त्यस्तै, प्रगती बोर्डिङ स्कुल, प्रतिभा मावि, पोखरा एकेडेमी, न्यू ग्यालेक्सी, मदरल्याण्ड, न्यू डायमण्ड मावि, लिङ्कन कलेज र पश्चिमाञ्चल माविपनि सहभागि रहेको उनले बताए। सहभागि मध्ये प्रतिभा, प्रगति र न्यू डायमण्डले दुई/दुई वटा टिम सहभागि गराएको जनाइएको छ।

ईन्टर कलेज व्याण्ड कम्पिटिसनमा चर्चित व्याण्डहरुले पनि विशेष प्रस्तुती राख्ने संघले जनाएको छ । संघका अध्यक्ष हर्कराज गुरुङ (भाई)का अनुसार कार्यक्रममा डि-मर्चा व्याण्ड, लेकाली व्याण्ड र देउराली व्याण्डको विशेष प्रस्तुती रहनेछ। दर्शकलाई थप मनोरञ्जन होस् भन्ने उद्देश्यले पोखराबाट उदाएर राष्ट्रिय/अन्र्तराष्ट्रिय रुपमा चर्चा कमाएका व्याण्डहरुको प्रस्तुती राखिएको अध्यक्ष गुरुङले बताए । 'प्रतिष्पर्धीहरुको प्रस्तुती सकिएपश्चात विशेष प्रस्तुतीका रुपमा चर्चित व्याण्डहरुको प्रस्तुती रहन्छ।

यसले दर्शकमा थप मनोरञ्जन दिन्छ भन्ने विश्वास छ । प्रतियोगिताको पहिलो दिन शुक्रबार सेमीफाईनल राउण्ड हुनेछ । सेमीफाईनल राउण्डबाट उत्कृष्ट १० व्याण्ड छनौट गरेर फाईनलमा प्रतिष्पर्धा गराईने संघका सचिव भाष्करध्वज श्रेष्ठले जानकारी दिए। फाईनल राउण्डमा प्रवेश गरेकाहरुले गरेको प्रस्तुतीका आधारमा प्रथम, द्वितीय र तृतीय घोषणा गरिने उनले जानकारी दिए । उनका अनुसार व्याण्डहरुले कभर सङ्ग मात्रै गाए पुग्छ । प्रतियोगितामा सहभागि हुने दर्शकलाई नेपाल टेलिकमको सिम निःशुल्क वितरण गर्दैछ । कार्यक्रम हुने अवधीभर कार्यक्रम स्थलमा स्टल राखेर दर्शकले काटेको टिकटको आधारमा सिम वितरण गरिने संघका अध्यक्ष हर्कराज गुरुङ (भाई)ले जानकारी दिए। पोखराको सांगीतिक माहोल तताउँदै व्याण्डहरुलाई पुनःजागृत गराउने उद्देश्यले ईन्टर कलेज व्याण्ड कम्पिटिसन गर्न लागेको पोखरा सांगीतिक कलाकार संघले जनाएको छ।

प्रतियोगिताले विद्यालयमा अध्ययनरत विद्यार्थीमा लुकेर रहेका प्रतिभाको उजागर गर्नुका साथै विद्यालयमा सांगीतिक माहोल सिर्जना गर्नका लागि वातावरण बनाउने संघका अध्यक्ष हर्कराज गुरुङले बताए। 'सुस्ताएको सांगितीक क्षेत्रलाई उठाउने प्रयास हो। यसमा व्याण्डले सबै विधामा प्रस्तुती दिन सक्छन् ।' उनले भने । आधुनिक, लोकभाका र रकमा समेत प्रस्तुती दिने सकिने जनाउँदै उनले आफनै सृजनाका गीतलाई पनि प्रस्तुतीकरण गर्न सक्ने स्पष्ट पारे।

एकातिर विद्यालयमा भएका प्रतिभालाई उजागार गर्ने र अर्कोतिर सांगितिक माहोल सृजना गर्न कोशेढुंगा सावित हुने विश्वास संघले लिएको संघका सचिव भाष्करध्वज श्रेष्ठले बताए।

मानसिक स्वास्थ्य सुधार्नपनि कार्यक्रमले सघाउने उनको भनाई छ । स्वास्थ्य मानसिकताले मात्रै शैक्षिक सफलता प्राप्त हुने विश्वास संघको छ । त्यसैले शिक्षासँगै संगीत भन्ने अभियानलाई अगाडि बढाएको उनको भनाई छ।

प्रतियोगिताको उपाधि बिजेतालाई नगद १ लाखसहित प्रमाणपत्र, उपबिजेतालाई नगद ५० हजार र तेश्रो हुनेलाई नगद २५ हजारसहित प्रमाणपत्र प्रदान गरिने जनाइएको छ । त्यस्तै, प्रतियोगितामा उत्कृष्ट भोकल, लिड गिटार, रिदम गिटार, बेस गिटार र उत्कृष्ट ड्रमरलाईपनि नगद ५/५ हजारसहित प्रमाणपत्र प्रदान गरिने सचिव श्रेष्ठले जानकारी दिए।



पर्यटकः
पोखरा महानगरपालिका-१७ रातोपैरोस्थित अन्तर्राष्ट्रिय पर्वतीय सङ्ग्रहालय अवलोकन गर्न आएका विदेशी पर्यटक । तस्बिरः राधिका कँडेल/रासस

# लिगलिगे दौड प्रतियोगिता कात्तिक १ मा हुने

**पोखरापत्र संवाददाता**
गोरखा, ११ असोज

लिगलिगकोट राजा छनोट गर्न लागि हरेक वर्ष आयोजना गर्ने गरिएको लिगलिगे दौड प्रतियोगितामा सहभागी हुन चाहाने खेलाडीका लागि यस वर्ष अनलाइनमार्फत फारम भर्न खुला गरिएको छ।

लिगलिग विकास अभियानको आयोजनामा हुने 'लिगलिगे दौड प्रतियोगिता २०८०' मा सहभागी हुन चाहाने खेलाडीका लागि अनलाइन फारम भर्न खुला गरिएको अभियानका अध्यक्ष सञ्जीव रानामगरले जानकारी दिनुभयो। अगामी कात्तिक १ गते हुन लागेको प्रतियोगितामा सहभागी हुन चाहने खेलाडीले यही असोज २५ गतेसम्म फारम भरिसक्नुपर्ने उहाँको भनाइ छ। अभियानले यस पटक एघारौँ संस्करणको लिगलिगे दौड प्रतियोगिता आयोजना गर्न लागेको हो । प्रतियोगितामा प्रथम हुने धावकलाई एक वर्षका लागि लिगलिगकोटको साङ्केतिक राजा घोषणा गर्ने प्रचलन रहँदै आएको छ। गोरखा र लमजुङको सिमानामा पर्ने मर्स्याङ्दी नदीको दोभानमा रहेको चेपेघाटबाट सुरु हुने दौड प्रतियोगिता ढिकीडाँडा, ठाँटीपोखरी, पानी ट्याङ्की, छापथोक, बडडाँडा, बोहोरागाउँ, सभा चौतारो, मैबल, दर्बेपानी, बिजुलीडाँडा, खोली चौतारोदेखि लिगलिगकोट गढीसम्म पुगेर समापन हुने गर्दछ । प्रतियोगितामा उपाधि विजेता खेलाडीलाई नगद रु एक लाखसहित श्रीपेच पगरी, ट्रफी, मेडल र प्रमाणपत्रको व्यवस्था रहेको अध्यक्ष थापामगरले बताउनुभयो। मेन इलिट (खुला) प्रतियोगितातर्फ सहभागी खेलाडीले निर्धारित १३ दशमलव ८ किलोमिटर दूरी पार गर्नुपर्नेछ । प्रतियोगितामा दोस्रो हुनेलाई रु ५० हजार, तेस्रो हुनेलाई रु २५ हजार, चौथो हुनेलाई रु १४ हजार र पाँचौं हुने विजेतालाई रु १० हजार पुरस्कारको व्यवस्था रहेको उहाँले जानकारी दिनुभयो । तीन समूह चरणमा हुने प्रतियोगितामा स्थानीयवासी र विद्यार्थीले पनि छुट्टाछुट्टै प्रतिस्पर्धा गर्न पाउने व्यवस्था गरिएको छ । स्थानीय खुलातर्फ भाग लिएर विजेता हुन खेलाडीमध्ये प्रथम हुनेले रु २० हजार, दोस्रो हुनेले रु १५ हजार तथा तेस्रो हुनेले रु १० हजार पुरस्कार प्राप्त गर्नेछन्। विद्यार्थीतर्फ प्रतियोगितामा सहभागी हुन पाउने १८ वर्षभन्दा मुनिका छात्रले भने पालुङटार नगरपालिका-३ को मैवलबाट कालिका मन्दिरसम्मको तीन किलोमिटर दौड पूरा गर्नुपर्ने उहाँले बताउनुभयो।

नेपाल एकीकरणअघिका बाइसे चौबीसे राज्यमध्ये लिगलिगकोटमा दौडेर प्रथम हुने व्यक्ति राजा हुने परम्परा रहेको थियो । पहिले राजा हुने परम्पराबाट दौड प्रतियोगिता सुरु भएको भए पनि अहिले लिगलिगको आन्तरिक तथा बाह्य पर्यटकलाई लिगलिगकोट भित्र्याउन प्रतियोगिताको आयोजना गरिँदै आएको छ। विसं १६०४ मा सुरु भएको मानिएको दौड प्रतियोगितालाई पुनः २०६७ बाट निरन्तरता दिन थालिएको हो। तत्कालीन राजा द्रव्य शाहले दौडमा विजय हासिल गरी लिगलिगकोटको राजा बनेपछि लिगलिगकोटमा दौडिएर राजा हुने परम्पराको अन्त्य भएको मानिन्छ।

# बेनी अस्पताल : शैया थपियो, थपिएन जनशक्ति

**रासस**
म्याग्दी, ११ असोज

म्याग्दीको बेनी अस्पताल जनशक्ति र पूर्वाधार अभावको चपेटामा परेको छ । क्षमता विस्तारअनुसार दरबन्दी नथपिएको र दरबन्दीअनुसारका जनशक्ति नभएको बेनी अस्पताल पूर्वाधार अभावको समेत चपेटामा परेको हो।

छ वर्षदेखि अस्थायी टहरामा सञ्चालन भएको अस्पतालमा विभिन्न तहका ५९ जनाको दरबन्दी रहेकामा हाल १७ जना मात्र कार्यरत रहेका अस्पतालका प्रमुख चिकित्सक डा अञ्जु थापाले बताउनुभयो। "विसं २०७२ मा १५ बाट ५० शय्यामा क्षमता विस्तार भएको अस्पतालले अहिले १५ शय्याकै दरबन्दीबाट ७८ शय्या बराबरको सेवा सञ्चालन गर्नुपरेको छ", उहाँले भन्नुभयो, "म्याग्दीलाई दुर्गम मानेर आउन नमान्ने चिकित्सक र स्वास्थ्यकर्मी आए पनि धेरै नटिक्ने समस्या छ। कार्यरत स्वास्थ्यकर्मीमा कामको बोझ छ।" विसं २०७४ देखि सुरु भएको अस्पतालको ५० शय्या क्षमताको भवन निर्माणले पूर्णताः नपाउँदा अस्थायी टहराबाट सेवा सञ्चालन गरिएको छ। नयाँ भवन निर्माणमा भएको ढिलाइका कारण छरिएका भवनमा काम गर्दा स्वास्थ्यकर्मीलाई कार्यबोभ भएको अस्पताल व्यवस्थापन समितिका अध्यक्ष ज्ञानेन्द्र सुवेदीले बताउनुभयो। "जनशक्ति अभावको समस्या समाधानका लागि व्यवस्थापन समितिले गण्डकी प्रदेशमै पहिलोपटक समितिअन्तर्गत ४९ जनाको दरबन्दी सिर्जना गरेर जनशक्ति पदपूर्ति गर्न विज्ञापन गरे पनि केही पदमा आवेदननै परेको छैन", उहाँले भन्नुभयो, "सीमित जनशक्ति र पूर्वाधारको अधिकतम परिचालन गरेर सेवा प्रवाहलाई व्यवस्थित बनाउने प्रयासमा छौँ ।" जनशक्ति अभावका कारण सघन उपचार कक्ष (आइसियु) सञ्चालन हुन सकेको छैन। एक्सरे, रेडियोग्राफर र युएसजी मेसिन चलाउने चिकित्सक खोज्दा आवेदननै नपरेको प्रमुख डा थापाले बताउनुभयो । दैनिक दुई सयदेखि दुई सय ५० जनाले अन्तरङ्ग विभागबाट सेवा लिने अस्पतालमा चारदेखि पाँच जना मात्र चिकित्सक नियमित हुन्छन्।

प्रसूति रोग विशेषज्ञसमेत रहेकी अस्पतालका प्रमुख थापा तालिम, बैठकमा जिल्ला बाहिर जाँदा र बिदा बसेको समयमा शल्यक्रियामार्फत गरिने प्रसूति सेवा लिन आएकालाई बागलुङ र पोखरा पठाउने गरिएको छ । अस्पतालले पछिल्लो एक वर्षयता मानसिक रोग, ज्येष्ठ नागरिक, फिजियोथेरापी र अत्याधुनिक एक्सरे सेवा विस्तार गरेको छ।

अस्पतालले अन्तरङ्ग र बहिरङ्ग विभागका अलावा शल्यक्रियामार्फत प्रसूति, एपेन्डिसाइटिस, हर्नियाको उपचार, हाडजोर्नी, दन्त, आँखा, बच्चा उपचार कक्ष, हिंसा प्रभावितका लागि अल्पकालीन सेवा केन्द्र, डायलासिस सेवा सञ्चालन गर्दै आएको छ।

बेनी नगरपालिकाका प्रमुख सुरत केसीले म्याग्दीका साथै छिमेकी पर्वतको जलजला गाउँपालिकाका सर्वसाधारणले पनि सेवा लिने बेनी अस्पतालको निर्माणाधीन भवनलाई पूर्णता दिन, दरबन्दीअनुसारका जनशक्तिको व्यवस्था गरेर सेवालाई प्रभावकारी बनाउन आवश्यक देखिएको बताउनुभयो । "सामान्य बिरामी पर्दासमेत पोखरा, काठमाडौँ जानुपर्ने म्याग्दीवासीको समस्याको दीर्घकालीन समाधान गर्न बेनी अस्पतालको सेवालाई विश्वसनीय र प्रभावकारी बनाउनुको विकल्प छैन", उहाँले भन्नुभयो, "अस्पतालमा स्थानीय तहले जनशक्तिको समेत सहयोग गरेका छौँ । प्रदेश र सङ्घीय सरकारले पनि संवेदनशील भएर दीर्घकालीन समाधानका लागि नीतिगत पहल गर्नुपर्छ।"

# एक जनाका भरमा स्वास्थ्य बीमा बोर्ड

**रासस**
बागलुङ, ११ असोज

बागलुङस्थित स्वास्थ्य बीमा बोर्डको कार्यालय एक जना कर्मचारीको भरमा सञ्चालनमा छ । पाँच जनाको दरबन्दी रहेको बोर्ड तीन महिनादेखि एक जना कर्मचारीको भरमा छ।

बिहान बागलुङको कार्यालय अस्तव्यस्त भएको बोर्ड स्थापनादेखि काम गर्दै आउनुभएका दर्ता अधिकारी नारायण शर्माले बताउनुभयो।

स्वास्थ्य बीमा गर्नेको सङ्ख्या दिनानुदिन बढ्दै गएको जनाउँदै उहाँले तीन महिना अघि एकसाथ तीन कर्मचारीले बोर्ड छोड्दा समस्या भएको बताउनुभयो।

"स्वास्थ्य बीमाको जानकारी लिन, हराएको कार्ड बनाउन सेवाग्राही आउँछन् । कार्यालयमा जिल्लाभर छरिएका दर्ता सहयोगीले फोन गरिरहन्छन् । एक जनाले सेवाग्राहीसँग कुरा गर्ने की फोनमा दर्ता सहयोगीसँग कुरा गर्ने ?", शर्माले भन्नुभयो। उहाँका अनुसार बीमामा आबद्ध नागरिकको फर्म दर्ता सहयोगीबाट सङ्कलन गर्न समस्या भइरहेको छ। शर्माले बीमा गर्ने सङ्ख्यामा वृद्धि भएकाले एक्लै फर्म अपडेट गर्न समस्या भइरहेको बताउनुभयो।

"सुरुमा दुई जना कर्मचारी थियौँ, बीमा कर्ता थोरै हुनुहुन्थ्यो, अहिले बीमा गर्नेको सङ्ख्या वृद्धि भइरहेको छ, दर्ता सहयागीबाट आएको फर्म सङ्कलन गर्न नै नभ्याउने अवस्था आइसक्यो, अपडेटका लागि रातिको समय व्यवस्थापन गरेको छु", उहाँले भन्नुभयो, "यो हाम्रो मात्रै समस्या हैन गण्डकी प्रदेशभर यस्तै छ भन्ने सुनेको छु, बीमा गर्नेको सङ्ख्या बढ्ने कर्मचारी घट्ने भएको छ। तीन महिना अघि तीन जना स्वास्थ्यका कर्मचारी हुनुहुन्थ्यो, मन्त्रालयको पत्र आएपछि जानुभयो ।" जिल्लामा स्वास्थ्य बीमा गराउनेको सङ्ख्या ४३ प्रतिशत पुगिसकेको दर्ता अधिकारी शर्माले जानकारी दिनुभयो। उहाँका अनुसार जिल्लामा हाल एकलाख १० हजार नागरिक स्वास्थ्य बीमामा आबद्ध भइसकेका छन् । आगामी असार मसान्तसम्म ५० प्रतिशत नागरिकलाई स्वास्थ्य बीमामा आबद्ध गराउने लक्ष्य रहेको कार्यालयले जनाएको छ। जिल्लामा ७८ जना दर्ता सहयोगीमार्फत घर-घरमै पुगेर स्वास्थ्य बीमा गराउने कार्य भइरहेको जनाउँदै शर्माले बोर्डको कार्यालयमा कर्मचारी अभाव हुँदा समस्या भइरहेकाले तत्काले समाधान गर्नुपर्नेमा जोड दिनुभयो । पाँच जनाको दरबन्दी रहेको बागलुङमा एक जनाको भरका कार्यालय सञ्चालन हुँदा बिरामी पर्दा कार्यालयनै बन्द गर्नुपर्ने अवस्था आउने गरेको उहाँको भनाइ थियो।

बागलुङमा मात्रै नभएर गण्डकी प्रदेशमै कर्मचारी अभाव रहेकाले समस्या भएको स्वास्थ्य बीमा बोर्ड गण्डकी प्रदेश संयोजक महेशप्रसाद ठाकुरले बताउनुभयो । उहाँका अनुसार कर्मचारीका लागि बोर्डले परीक्षा लिइसकेको र नतिजा प्रकाशनको तयारीमा रहेकाले केही समयमै थप कर्मचारी आउने तयारी भइरहेको छ। "कर्मचारीको समस्या बागलुङमा मात्रै होइन गण्डकी प्रदेशका छ जिल्लामा छ। बागलुङमा धेरै बिमित भएकाले समस्या बढी नै भइसक्यो", ठाकुरले भन्नुभयो, "जिल्लामा एक लाख १० हजार नागरिक स्वास्थ्य बीमामा आबद्ध भएका छन् । एक जना कर्मचारीको भरमा कार्यालय सञ्चालन धइरहेको छ । हामीले कर्मचारी ल्याउन केन्द्रमा पहल गरिरहेका छौँ ।" अन्य जिल्लामा भन्दा बागलुङमा बीमा कार्यक्रम पहिला सुरु भएको र जनसङ्ख्या पनि धेरै भएकाले बढी समस्या भएको उहाँले बताउनुभयो। बागलुङसहित स्याङ्जा, पर्वत, मनाङ, मुस्ताङ र गोखरामा समेत एक जना कर्मचारीकै भरमा कार्यालय सञ्चालन भइरहेको संयोजक ठाकुरले जानकारी दिनुभयो। उहाँका अनुसार बोर्डमा अध्यक्ष नहुँदा कर्मचारीको नतिजा प्रकाशनमा ढिलाइ भइरहेको छ।

नतिजा प्रकाशनसँगै यो समस्या समाधान हुने बताउँदै बागलुङमा कम्तीमा तीन जना कर्मचारी आवश्यकपर्ने ठाकुरले बताउनुभयो । उहाँका अनुसार हाल गण्डकी प्रदेशमा नौ लाख २८ हजार चार सय ५९ नागरिक स्वास्थ्य बीमामा आबद्ध भएका छन्।


आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक समवेदना



जन्मः १९९२/११/ ११ गते

स्वर्गारोहणः २०८०/०६/ ०२ गते

**शिव प्रसाद शर्मा तिमल्सिना**

हाम्रा आदरणीय मित्र गिता शान्तिमार्ग रामघाट, पोखरा-१० निवासी बुद्धिमाया तिमिल्सनाका पुजनीय पति नेपाल रेडक्रस सोसाइटी पोखरा-१० उपशाखाका सह-सचिव कलाबति शर्माका ससुराबुबा, आजीवन सदस्य बिष्णु प्रसाद शर्मा तिमिल्सिना, मुक्तिनाथ शर्माका पुजनिय बुबा, गिता शर्माका ससुराबुबा शिक्षाप्रेमी सामाजिक ब्यक्तित्व **शिव प्रसाद शर्मा तिमिल्सिना** को ८८ बर्षको उमेरमा स्वर्गारोहण हुनुभएकोले हामी नेपाल रेडक्रस पोखरा-१० परिवार अति मर्माहत भएका छौं । यस दुःखद घडीको आज ११औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं । साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनप्रति धैर्य धारण गर्ने शक्ति ईश्वरले प्रदान गरून् भनि हार्दिक समवेदना प्रकट गर्दछौं ।

**सम्मर बहादुर श्रेष्ठ**
**सभापति तथा**
**नेपाल रेडक्रस सोसाइटी पोखरा १० उपशाखा परिवार पोखरा**